## बैठक संख्याः ८, मितिः २०७९ पौष २८

### निर्णयहरु

**प्रस्ताव नं. १ : बैठकमा निर्णय भएका विषयहरुको समिक्षा ।**

**निर्णयः** अघिल्लो बैठकमा निर्णय भएका विषयहरुको समिक्षा गरियो ।

**प्रस्ताव नं. २ :** वडा कार्यालयसँग संशोधन गर्नु पर्ने योजना माग गर्ने सम्बन्धमा ।

**निर्णयः** वडा स्तरमा विनियोजित योजनाहरु संशोधन गर्न वडा समितिको निर्णय सहित गाउँपालिकाको कार्यालयमा सिफारिस गर्न निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ :** दलित स्वास्थ्य विमा सहुलियत कार्यक्रम सम्बन्धमा ।

**निर्णयः** चालु आ व २०७९।८० को स्वास्थ्य कार्यक्रम अन्तर्गत स्वास्थ्य विमा कार्यक्रममा औषधी खरिद फार्मेसी सञ्चालन शिर्षकमा विनियोजित वजेटबाट खर्च हुने गरी गाउँपालिकाभित्रका सम्पूर्ण दलित घर परिवारको स्वास्थ्य विमा कार्यक्रमको जम्मा लागतको ५० प्रतिशत रकम आर्थिक सहायता गर्ने ।

**प्रस्ताव नं. ४ :** तपसिल बमोजिमका विभिन्न विधेयक गाउँ सभामा पेश गर्ने सम्वन्धमा

**निर्णयः** तपसिल बमोजिमका विभिन्न विधेयक सर्वसम्वत पारित गरी गाउँ सभामा पेश गर्ने निर्णय गरियो।

- स्थानीय वनको प्रवर्धन, संरक्षण, व्यवस्थापन तथा उपयोग सम्बन्धमा व्यवस्था गर्न वनेको विधेयक, २०७९
- गल्छी गाउँपालिकामा वातावरण तथा प्राकृतिक स्रोत संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७९
- बालबालिका सम्बन्धी विधेयक, २०७९
- गल्छी गाउँपालिकाभित्र सञ्चालनमा रहेको व्यक्तिगत व्यवसाय दर्ता गर्न वनेको विधेयक, २०७९
- गल्छी गाउँपालिकामा संघ संस्था दर्ता विधेयक, २०७९

प्रस्ताव नं. ५ : कृषि तथा पशुपन्छी व्यवसाय प्रबर्द्धन कार्यक्रम संचालन सम्बन्धमा ।

निर्णयः बागमती प्रदेश सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट यस गाउँपालिकामा कृषि तथा पशुपन्छी व्यवसाय प्रबर्द्धन कार्यक्रम संचालन गर्नको लागि प्राप्त भएको कुल बजेट एकमुष्ट रु. १० लाख मध्ये कृषि क्षेत्रको व्यवसाय प्रबर्द्धनको लागि रु.

नेत्रमणी न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

५ लाख र पशुपन्छी व्यवसाय प्रबर्द्धन गर्नको लागि रु. ५ लाख बजेट बाँडफाँड गरी कार्यक्रम संचालन गर्ने ।

प्रस्ताव नं. ६ : वडा नं ४ मा सञ्चालनमा रहेको ल्याण्ड फिल्ड साईड निर्माण कार्य सूचारु सम्बन्धमा ।

निर्णयः गल्छी गाउँपालिका वडा नं ४ मा सञ्चालनमा रहेको ल्याण्ड फिल्ड साईड सोहि स्थानमा निर्माण कार्य सूचारु गर्ने निर्णय गरियो।

प्रस्ताव नं.७: मासटार जग्गा एकीकरण आयोजना सन्चालन गर्ने सम्वन्धमा ।

निर्णयः नयाँ सहर आयोजना समन्वय कार्यालय बबरमहलको च.नं.१५३ मिति २०७९/०९/१७ को पत्र र मास्टर जग्गा एकीकरण आयोजना उपभोक्ता समिति गल्छी-४ धादिङको मिति २०७९/०९/२५ गतेको पत्र प्राप्त भएको सम्वन्धमा यस गाउँपालिकाको वडा नं.४ मासटारको जग्गा ल्याण्डपुलिङ्गको लागी प्रकृया अघि बढाउने निर्णय गरियो। साथै यस पालिका अन्तर्गत रहेका कल्लेरीटार,घर्तिटार,स्यालटार,मस्टार लगायत सम्भाव्य क्षेत्रहरुमा ल्याण्डपुलिङ्गको लागी खोजि कार्य गर्ने निर्णय गरियो ।

नेत्रमणी न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत